स्थानीय राजपत्र

खण्ड-६ संख्या- ३ २०७९ साल १० महिना ४ गते बुधवार

भाग-१

# नगर प्रहरी ऐन २०७९

प्रस्तावनाः

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) क.१ ले दिएको अधिकार प्रयोग स्थानीय सरकारको शान्ति सुरक्षा तथा अमन चयन र समग्रमा गाउँपालिकाको सुरक्षा व्यवस्थापनलाई व्यवस्थित गर्दै स्थानीय बजार व्यवस्था गाउँपालिकाको निति कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्न गराउन , गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्न । स्थानिय सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यावस्थापन स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यावस्थापन, सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाको प्रवन्ध गर्न, विपद् व्यावस्थापन सम्बन्धि खोजी, उद्धार, राहत तथा पुनरुथापना कार्यमा खटिई आवश्यक कार्य गर्न

चन्द्रकोट गाउँपालिका, गुल्मी

लगायतका सार्वजनिक तथा वातावरणीय स्वास्थ्य र सुरक्षा सँग सम्बन्धित कार्यहरु गर्नका लागि गाउँपालिकाले नगर प्रहरीको स्थापना गरी व्यवस्थापनमा सहयोग पुऱ्याउनका लागि वाञ्छनीय भएकोले चन्द्रकोट गाउँपालिकाको दोश्रो गाउँसभा २०७९ ले यो ऐन बनाएको छ।

परिच्छेद –१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः यस ऐन अन्तर्गत

(१) यो ऐनको नाम "नगर प्रहरी ऐन, २०७९"रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

२. परिभाषाः १) बिषय र प्रसंगले अर्को अर्थ नलागोस यस ऐनमा :–

क) "ऐन" भन्नाले चन्द्रकोट नगर प्रहरी ऐन, २०७९ लाई सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले चन्द्रकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) "मुख्य कार्यालय" भन्नाले गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) "नगर प्रहरी" भन्नाले चन्द्रकोट गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

ङ) “करार पद” भन्नाले म्याद तोकिएको गाउँपालिकाको सभाद्धारा स्वीकृत करार पदलाई सम्झनु पर्दछ ।

च) “परिवार” भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे,बज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरा समेत जनाउँछ ।

छ)“भत्ता” भन्नाले चन्द्रकोट गाउँपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

ज) “आर्थिक बर्ष” भन्नाले श्रावण १ गते देखि शुरु भई अषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

झ)“कार्यपालिका” भन्नले चन्द्रकोट गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ञ) “सभा”भन्नाले चन्द्रकोट गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

ठ) “तोकिएको वा “तोकिए वमोजिम” भन्नाले गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ड) “हवल्दार” भन्नाले नगर प्रहरी हवल्दार लाई सम्झनु पर्दछ।

ढ) “जवान” भन्नाले नगर प्रहरी जवान सम्झनु पर्छ ।

ण) “नगर प्रहरी कर्मचारी” भन्नाले हवल्दार, नगर प्रहरी जवान र नगर प्रहरी सहयोगी कर्मचारीलाई सम्झनु पर्छ ।

३. ऐनको व्याख्याः १) कुनै अधिकारीले यस ऐनको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

२) उपदफा (१) को सम्बन्धमा गाउँपालिकाले निवेदन परेको मितिले ३० दिन भित्र निर्णय गरीसक्नु पर्नेछ।

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

४. नगर प्रहरी सेवाको गठन :

(१) गाउँपालिकामा एक नगर प्रहरी सेवा समुह रहनेछ ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

२) नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

५. <u>गाउँपालिकामा रहने नगर प्रहरीको पद र तह :</u>

१) नगर प्रहरीमा गाउँ कार्यपालिकाले तोकेको पद र तह रहने छन् ।
२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउने छ र त्यस्तो कार्य विवरण सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।
३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य, अधिकार तोकिए बमोजिम हुनेछ ।

परिच्छेद –३

<u>नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार</u>

६. <u>नगर प्रहरीको काम, कर्तव्य र अधिकार :</u>१) देहायको कार्यमा सहयोग पुऱ्याउनको लागि गाउँपालिकाले नगर प्रहरीको परिचालन गर्न सक्नेछ :–

क) गाउँपालिकाको निति कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने/गराउने

ख)गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

ग) स्थानिय सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यावस्थापन गर्ने ।

घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यावस्थापन गर्ने ।

ङ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाको प्रवन्ध गर्ने ।

च) विपद् व्यावस्थापन सम्बन्धि खोजी, उद्धार, राहत तथा पुनस्र्थापना कार्यमा खटिई आवश्यक कार्य गर्ने ।

छ) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने ।

ज) छाडा पशु चौपायको नियन्त्रण गर्ने ।

झ) सार्वजनिक तथा वातावरणीय स्वास्थ्य र सुरक्षा सँग सम्बन्धित कार्यहरु गर्ने ।

ञ) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद –४
## तह विभाजन र पदपूर्ति

७. स्थायी पद श्रृजना गर्न नपाईने : (१) गाउँपालिकामा रहने नगर प्रहरी को लागि स्थायी पद सिर्जना गर्न पाईने छैन ।

(२) गाउँपालिकाको लागि आवश्यक नगर प्रहरी खुला प्रतिस्पर्धाको आधारमा सेवा करारमा भर्ना गरिनेछ ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

(३) उपदफा (२) बमोजिम नगर प्रहरीको पद सिर्जनाका लागि प्रस्ताव पेश गर्दा संख्या र पदमा रहने नगर प्रहरीका विभिन्न तहका दरवन्दीहरुको श्रृजना गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(४) नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी सेवा करारमा नियुक्ति हुनेछन्

क) नगर प्रहरी हवल्दार

ख) नगर प्रहरी जवान

ग) नगर प्रहरी सहयोगी

८. पदपूर्ति गर्ने तरीका :

१) नगर प्रहरी हवल्दार पदमा साठी प्रतिशत र नगर प्रहरी जवान पदमा चालीस प्रतिशत खुल्ला प्रतियोगिताद्धारा र बाँकी बढुवाद्धारा करारमका पदपूर्ति गरिनेछ ।

२) नगर प्रहरी सहयोगी पदमा शतप्रतिशत खुल्ला प्रतियोगीताद्धारा पदपूर्ति गरिनेछ ।

३) उपदफा (१) र (२) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेश बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदरवारका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

क) महिला ३३ प्रतिशत

चन्द्रकोट गाउँपालिका, गुल्मी

ख) आदिबासी/जनजाती २७ प्रतिशत

ग) दलित २५ प्रतिशत

घ) विपन्न/द्वन्द पिडित परिवार १५ प्रतिशत

४) यस ऐनको खण्ड (क), (ख), (ग) को प्रयोजनाको लागि महिला आदिवासी, जनजाती, दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडी परेका महिला, आदिवासी/जनजाति र दलितलाई सम्झनु पर्छ र (घ) मा विपन्न भन्नाले आर्थिक सामाजिक रुपमा पछि परेका परिवारका नागरिकहरु तथा द्वन्द पिडित परिवार भन्नाले नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनितिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने शहिद, मृतक, बेपत्ता, घाईते एवम् अपाङ्गता भएका व्यक्ति तथा द्वन्द्व पिडित परिवारका व्यक्तिलाई संझनु पर्दछ।

५) उपदफा ३ बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाती र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिम हुनेछ ।

तर त्यसरी नतोकेसम्मका लागि गाउँपालिकाले तोकेको महिला, आदिवासी /जनजाती र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको समुदाय मानिनेछ ।

चन्द्रकान्त गाउँपालिका, २

६) उपदफा (३) बमोजिम छुट्याईएका पदको दरखास्त पेश गर्दा देहाय बमोजीमका प्रमाण संलग्न हुनुपर्नेछ।

क) आदिवासी जनजातिको सूचिमा स्पष्ट खुलेको जाति बाहेको अन्यको हकमा आदिवासी/जनजातिका लागि नेपाल आदिवासि/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनि प्रमाणित भएको ।

ख) दलितको सूचिमा स्पष्ट खुलेको दलित जाति बाहेक अन्यको हकमा दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित प्रमाणित भएको ।

ग) विपन्नको हकमा गाउँपालिका वा कानुन बमोजीमको अन्य निकायले दिएको विपन्न प्रमाणित कागजात ।

७) उपदफा (३) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घातांक आएमा त्यस्तो घातांक जुन समुदायको हकमा आएको हो सो भन्दा लगत्तै पछीको समुदायमा सर्दै जानेछ ।

८) उपदफा (३) बमोजीम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तिर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद

चन्द्रकोट गाउँपालिका, गुल्मी

संख्या खुल्ला प्रतियोगितामा सहभागि भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

९) नगर प्रहरी हवल्दार पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्याक्तिहरुले भाग लिन सक्नेछन् :

क) दरखास्त दिने अन्तिम मिति सम्म २१ बर्ष उमेर पुगेको र ३२ बर्ष ननाघेको ।
तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरी वा पूर्व लडाकु वा पूर्व सुरक्षाकर्मी वा म्यादी प्रहरीको हकमा ४० बर्ष ननाघेको।

ख) एस.एल.सी. वा सो सरह उत्तिर्ण गरेको।

ग) नैतिकपतन देखिने कुनै फौजदारी अभियोग सजाय नपाएको।

घ) कुनै राजनितिक दलको सदस्य नरहेको।

ङ) मानव अधिकार र मानविय कानुनको उल्लंघनमा सजाय नपाएको ।

च) महिलाहरुको लागि घटिमा ५ फिट र पुरुषको लागि घटिमा ५ फिट २ इन्च उचाई भएको ।

छ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

झ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको

ञ) नेपाली नागरिकताको प्रमाणपत्र पाएको ।

९. <u>खुल्ला प्रतियोगितामा भाग लिन नगर प्रहरी जवान पदको लागि आवश्यक न्युनतम योग्यता :</u>

१) खुल्ला प्रतियोगितामा भाग लिन नगर प्रहरी जवान पदको लागि आवश्यक न्युनतम योग्यता देहाय अनुसार हुनुपर्ने छ।

क) दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुगेको र ३० बर्ष ननाघेको र वहालवाला नगर प्रहरी वा पूर्व लडाकु वा पूर्व सुरक्षकर्मी वा पूर्व म्यादी प्रहरीको हकमा ४० बर्ष ननाघेको ।

ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ वा सो सरह उत्तिर्ण गरेको र

ग) यस दफामा उल्लेख भए बाहेकका अन्य व्यवस्था दफा (८) मा तोकीए बमोजीम हुनेछ ।

१०. <u>नगर प्रहरी सहयोगी पदमा भर्ना:</u>

(१) नगर प्रहरी सहयोगी पदमा नियुक्ति हुन चाहने उम्मेदवारले गाउँपालिकाले तोके बमोजिमको फारम भरी गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१)बमोजिम निवेदन दिने उम्मेदवारको देहायको योग्यता पुगेको हुनुपर्नेछ :–

चन्द्रकोट गाउँपालिका, गुल्मी

(क) नगर प्रहरी सहयोगी पदको लागि दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुगेको र ४० वर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ वा सो सरह उत्तीर्ण गरेको।

तर नगर प्रहरी सहयोगी पदको हकमा साधारण लेखपढ गर्न जान्ने हुनु पर्नेछ ।

(ग) दफा (८) मा उल्लिखित अन्य योग्यता रहेको।

१) पदपूर्ति समिति : नगर प्रहरीको पद्पूर्ति गर्न गाउँपालिकामा देहाय बमोजिमको एक पदपूर्ति समिति रहने छः

क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

ख) गाउँपालिका अध्यक्षले तोकेको गाउँ कार्यपालिकाको कार्यालयमामा कार्यरत १ जना अधिकृत स्तरको कर्मचारी -सदस्य

ग) कार्यपालिकाले तोकेको १ जना अधिकृत स्तरको कर्मचारी -सदस्य

चन्द्रकोट गाँउपालिका, गुल्मी

घ) सम्बन्धित पदको लागि पदपुर्ती समितिले तोकेको १ जना विषय विज्ञ -सदस्य

ङ) गाउँपालिकाको प्रशासन शाखा प्रमुख -सदस्य-सचिव

११. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार : १) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजीम हुनेछ :

क) दफा ८ को उपदफा (३) बमोजीम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

ख) खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने ।

ग) पदपूर्ति कार्यतालिका बनाउने ।

घ) परिक्षाको किसिम तोक्ने ।

ङ) पदपूर्ति लागि विज्ञापन प्रकाशन गर्ने ।

च) परिक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

छ) नियुक्तिका लागि सिफारिश गर्ने ।

ज) लोकसेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

१२. योग्यताक्रम सूची तयार गर्ने :

चन्द्रकोट गाउँपालिका, गुल्मी

१) उम्मेदवारहरुले दिइएको परिक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस गर्नेछ । योग्यताक्रमनुसार कुल पदको बढीमा २० प्रतिशत सम्म वैकल्पिक उम्मेदवारको सूची राखिनेछ ।

२) नियुक्तिको लागि सिफारिस भएको मितिले सात दिनभित्र गाउँपालिकाले नियुक्तिपत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

३) उपदफा (३) बमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनेछ ।

४) तोकिएको समय भित्र नियुक्ति लिन नआएमा वा ६ महिनाभित्र उक्त पद पुन रिक्त भएमा समितिले वैकल्पिक उम्मेदवारलाई सिफारिस गर्न सक्ने छ।

५) वैकल्पिक उम्मेदवार नियुक्तिको लागि सिफारिस भएको मितिले पन्ध्र दिनभित्र गाउँपालिकाले नियुक्तिपत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

६) उपदफा (३) बमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ।

७) वैकल्पिक उम्मेदवारहरुले एक वर्ष सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ।

चन्द्रकोट गाउँपालिका,गुल्मी

१३. परीक्षणकालमा राखिने :

नयाँ सेवा करारमा नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई सुरुमा बढिमा छ महिनाको सेवा करार सम्झौता गरिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा प्रमुख प्रशासकीय अधिकृतले सेवा करार सम्झौता रद्द गर्न सक्नेछ ।

१४. करार नियुक्ति सदर :

१) दफा (१४) बमोजिमको अवधिमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र नगर प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट करार नियक्ति सदर गरी थप ६ महिनाको करार नियुक्ति दिइनेछ । कार्यसम्पादनको आधारमा हरेक छ महिनामा करार थप छ महिनाको लागि करार नवीकरण हुन सक्ने छ ।

(२) वैकल्पिक उम्मेदवारको रुपमा रहेका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारिस पेश गर्नेछ ।

परिच्छेद–५

चन्द्रकोट गाउँपालिका, गुल्मी

## बढुवा तथा पदस्थापन

१५. बढुवा गर्ने अधिकारी :

पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले बढुवा गर्नेछ ।

१६. बढुवाको लागि सम्भाव्य उम्मेदवार बन्ने अवधि : (१) नगर प्रहरी हवल्दार देखि नगर प्रहरी जवान सम्म एकतह मुनिको पदमा कम्तिमा निरन्तर रुपमा तीन वर्षको सेवा करार अवधि पुगेको हुनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा कुनै पनि नगर प्रहरी कर्मचारीको बढुवाको लागि सम्भाव्य उम्मेदवार बन्न सक्ने छैन :–

(क) निलम्वन भएको निलम्वनको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(घ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म।

१७. बढुवा गर्दा कार्य क्षमताको मुल्याङ्कन गर्ने आधारः

चन्द्रकोट गाउँपालिका, गुल्मी

१) नगर प्रहरी कर्मचारीलाई बढुवा गर्दा यस ऐन बमोजीम कार्य क्षमताको मुल्याङ्कन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने कर्मचारीलाई पहिले बढुवा गरिनेछ ।तर समान अंक प्राप्त गर्ने उम्मेदवारहरुको हकमा देहायको क्रमले निर्णय गरिनेछ :–

(क) एकतह मुनिको पदमा सेवामा प्रवेश गर्दा निर्धारण भएको योग्यताक्रमको आधारमा,

(ख) खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एकतह मुनिको पदमा गरेको नोकरी अवधिको आधारमा,

(गं) खण्ड (ख) बमोजिम निर्णय हुन नसकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठताक्रमको आधारमा,

(घ) नगर प्रहरी कर्मचारीको कार्यक्षमताको मुल्याङ्कन गर्दा देहायका कुराहरुलार्य आधार मानिने छ :–

१. नोकरीको जेष्ठता
२. कार्यसम्पादन मुल्याङ्कन
३. शैक्षिक योग्यता
४. तालिम

(ङ) जेष्ठताको अंक गणना गर्दा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि २ अंकका दरले बढीमा ३० अंक प्रदान गरिनेछ । त्यसरी अंक गणना गर्दा एक

चन्द्रकोट गाउँपालिका, गुल्मी

वर्षभन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीका हिसाबले अंक दिइनेछ ।

(च) बढुवाका लागि नगर प्रहरी सेवाको कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापतको मात्र अंक दिइनेछ ।

(छ) शैक्षिक योग्यता वापत बढीमा १५ (पन्ध्र) अंक दिइनेछ र त्यस्तो योग्यता वापतको अंकको गणना देहाय बमोजिम गरिनेछ ।

| शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय | कैफियत |
|---|---|---|---|---|
| १. हाल बहाल रहेको पदमा नयाँ नियुक्ति दिँदा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भएमा | १० | ८ | ६ | |
| २. आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो सम्बन्धित एउटा उपाधि भएमा | ५ | ४ | ३ | |

तर,

(१) श्रेणी नखुलेको शैक्षिक प्रमाण पत्रको हकमा विश्वविद्यालयले स्तर

चन्द्रकोट गाउँपालिका, गुल्मी

निर्धारण गरेकोमा सोही अनुसारको श्रेणी कायम गरी र सो नभएमा द्वितीय श्रेणी सरहको अंक दिइनेछ ।

(२) कम्पार्डमेन्टल परीक्षा पास गरेको भए तृतीय श्रेणी मानिनेछ ।

(ज) कार्य सम्पादन बापत कार्यसम्पादन मुल्याङ्कन फाराममा उल्लेख भए अनुसार कार्य सम्पादन मुल्याङ्कन गरी बढीमा ५० अंक दिइनेछ ।

(झ) तालिम वापत प्रथम, द्वितीय र तृतीय श्रेणीको लागि क्रमशः पाँच, चार र तीन अंक दिइनेछ ।

(ञ) जिपिएमा आधारित भएको ग्रेडसिट भएको हकमा संघीय प्रावधान अनुरुप अंक प्रदान गरिनेछ।

परिच्छेद–६

गाउँपालिकाको प्रशासन र नगर प्रहरीको सम्बन्ध

१८. <u>गाउँपालिकाको नियन्त्रण रहने :</u>

(१) नगर प्रहरीको सामान्य अनुशासन र अन्य तोकिएको विषयमा बाहेक समस्त नगर प्रहरी

चन्द्रकोट गाउँपालिका, गुल्मी

गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछ।

(२) नगर प्रहरी गाउँ कार्यपालिका र गाउँ सभा प्रति प्रत्यक्ष रुपमा उत्तरदायी रहने छ र गाउँ कार्यपालिकाको निर्देशन पालना गर्नु गराउनु नगर प्रहरीको कर्तव्य हुने छ।

१९. कारबाही गर्दा परामर्श लिने :

गाउँपालिकाले कुनै पनि नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

परिच्छेद–७

बिदा

२०. बिदा अधिकारको कुरा होइन :

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) साधारणतया नगर प्रहरीलाई शनिवार र सार्वजनिक विदाको दिनमा समेत विदा दिइने छैन र सो

चन्द्रकोट गाउँपालिका, गुल्मी

वापत तोकिएको सुविधा प्रदान गर्न सकिने छ । कामको अनुकुलता र विषयको सम्वेदनशीलतालाई ध्यानमा राखी निजको विदा स्वीकृत गर्न वा नगर्न सकिने छ ।

(३) नगर प्रहरी कर्मचारीहरुले देहायको बमोजिमका विदा पाउने छन् :—

(क) भैपरी आउने र पर्व विदा

(ख) विरामी विदा

(ग) किरिया विदा

(घ) प्रसुती विदा

(ङ) प्रसुति स्याहार विदा

(४) विदा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

२१. <u>विदा नलिई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने :</u>

(१) यस ऐन बमोजिम विदा नलिई नगर प्रहरी कर्मचारी गैर हाजिर हुन पाउने छैन ।

(२) विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलव कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

(३) उपदफा (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई गाउँपालिकाले सेवाबाट

चन्द्रकोट गाउँपालिका, गुल्मी

हटाउन समेत सक्नेछ ।तर निकास नहुँदै विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मानिने छैन ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

२२. गयल खाली जनाउने :

कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ गाउँपालिका सामान्य प्रशासन तथा जनशक्ति शाखामा पठाई सकेपछि सम्बन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्बन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच पड्ताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्बन्धित अधिकृतले विदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

२३. झुट्टा कारण देखाएमा सजाय हुने :

कुनै नगर प्रहरी कर्मचारीले कुनै झुट्टा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसुती विदा लिई बसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागिय सजायको भागी हुनेछ।

२४. तालिम अवधिमा विदा बस्ने बारे :

यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदा बाहेक साधारणतया अरु कुनै विदा दिइनेछैन ।

परिच्छेद–८

आचरण

२५. दान उपहार लिन नहुने :

आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले गाउँपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघसंस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन ।

२६. चन्दा लिन नहुने :

चन्द्रकोट गाउँपालिका, गुल्मी

कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

२७. सम्पत्तिको विवरण दिनुपर्ने :

(१) नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले साठी दिनभित्र गाउँपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण तोकिएको ढाँचामा दाखिला गर्नु पर्नेछ ।

२८. व्यापार व्यावसाय गर्न नहुने :

१) कुनै नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृति बेगर देहायका काम गर्नु हुँदैन :–

(क) कुनै व्यापार गर्न,

(ख) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन

(ग) कुनै व्यवसाय चलाउन ।

२९. गोपनीयता सम्बन्धि व्यवस्था :

चन्द्रकोट गाउँपालिका, गुल्मी

नगर प्रहरी कर्मचारीले गाउँपालिकाका काम कारवाहि सम्बन्धमा आफूसँग भएका सूचना गोप्य राख्नुपर्ने छ र कार्यपालिका वा कार्यालय प्रमुख बाहेक अन्यलाई कुनै पनि रुपमा यस्तो सूचना उपलब्ध गराउन पाइने छैन ।

३०. गाउँपालिकाको आलोचना :

नगर प्रहरी कर्मचारीले गाउँपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी वा गाउँपालिकाको काम कारवाही र गाउँपालिकाबासीको भावनामा खलल पुग्ने गरी आलोचना गर्दै भाषण, सम्वाद, लेख रचना आदि गर्न हुँदैन ।

३१. निर्वाचनमा भाग लिन नहुने :

नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन ।

३२. राजनीतिमा भाग लिन नहुने :

नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई

चन्द्रकोट गाउँपालिका, गुल्मी

सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

३३. समय पालन र नियमितता :

नगर प्रहरी कर्मचारीले ठीक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

३४. अनुशासन र आज्ञापालन :

(१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफुभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले सम्पूर्ण कर्मचारी र जनप्रतिनिधि प्रति उचित आदर देखाउनुपर्नेछ ।

३५. आचार संहिता सम्बन्धी व्यवस्थाः

नगर प्रहरी कर्मचारीको आचार संहिता सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुने छ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

## परिच्छेद –९

## सजाय र पुनरावेदन

३६. सजायः

१) उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः

(क) नसिहत दिने ।

(ख) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

(ग) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

(घ) तल्लो तहमा घटुवा गर्ने ।

(ङ) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पुर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

(च) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(छ) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

३७. नसिहत दिने वा प्रतिकुल राय लेख्नेः

नगर प्रहरी कर्मचारीले काममा साधरण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई



चन्द्रकोट गाउँपालिका, गुल्मी

पटकसम्म नसिहत दिदाँ पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

३८. तलव वृद्धि वा पदोन्नति रोक्नेः

नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलव वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

३९. दर्जा र तलव घटाउनेः

१) कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलमा ओराल्न सक्ने र गाउँपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

(क) सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहीनता गरेमा ।

(ग) आचरणसम्बन्धी दफा उल्लंघन गरेमा ।

(घ) नियुक्ति भएको एक वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

(ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

(च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

(छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

४०. नोकरीबाट हटाउने वा बर्खास्त गर्नेः

१) देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेमा

(ख) राजनीतिमा भाग लिएमा

(ग) बारम्बार अनुशासनहीनताको काम गरेमा ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा

(ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

(च)भ्रष्टाचार गरेमा

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

चन्द्रकोट गाउँपालिका, गुल्मी

(ज) आचरण सम्बन्धी नियमहरु पटक-पटक उल्लंघन गरेमा

(झ) मनासिव कारण नभई विदा बसेमा वा गैरहाजिर भएमा ।

४१. <u>सजाय सम्बन्धी कार्यविधिः</u>

(१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।त्यस्तो सूचना दिदाँ लगाइएका आरोप स्पष्ट किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस दफा वमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई

चन्द्रकोट गाउँपालिका, गुल्मी

गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

(ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्ता नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनुपर्ने छैन् ।

(ग) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचवुझ गराउन सक्नेछ ।जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(घ) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ ।तर यस्तो निलम्वनको अवधि ६ महिनाभन्दा बढी हुनेछैन ।

(ङ) उपदफा (घ) बमोजिम निलम्वन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाई निजले पाउने तलव भत्ताको एक चौथाई दिइनेछ ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

(च) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ ।

तर,

(क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन् ।

(ख)कुनै कर्मचारी गाउँपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन् ।

४२. <u>सजायको आदेश दिनेः</u>

जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निज सित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले

चन्द्रकोट गाउँपालिका, गुल्मी

सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

४३. <u>सेवाको अन्त्य गर्नेः</u>

१) कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यस दफा बमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन ।

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै

(ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा,

४४. <u>पुनरावेदनको कार्यविधिः</u>

(१) दफा ४३ अन्तर्गत आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त जो भएको प्रमाण राखी पुनरावेदन शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ । पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन हो सो आदेशको नक्कल पनि राख्नुपर्नेछ ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

(३) पुनरावेदन दिँदा सजायको सूचना पाएको पैतिस दिनभित्र प्रमुख प्रशासकीय अधिकृत मार्फत अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

(४) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद –१०

## अवकाश , उपदान र निवृत्तिभरण

४५. अनिवार्य अवकाश:

(१) यो ऐन जारी भएपछि नियुक्ति भएका देहायका नगर प्रहरी कर्मचारीको देहायबमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पुरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

(क) नगर प्रहरी हवल्दार –५३ वर्ष

(ख) नगर प्रहरी जवान –५१ वर्ष

(ग) नगर सहायक प्रहरी जवान–५० वर्ष

(२) उमेरको हद, पदको अवधि वा सेवा अवधिमध्ये कुनै एक पुगेपछि नगर प्रहरी कर्मचारीले सेवाबाट अवकाश पाउने छ ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

(३) कायम मुकायम मुकरर भएमा पदको अवधि लागु हुने छैन । तर तल्लो पदमा नोकरीको अवधि लागु हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्लो पदको अवधि नै लागू हुनेछ।

स्पष्टीकरण : नियमको प्रयोजनको लागि नगर प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहाय बमोजिम गरिनेछः

(क) नोकरीमा प्रवेश गरेको बेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

(ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीका प्रवेश गरेको बेलामा लेखिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

४६. उपदान :

नगर प्रहरी कर्मचारीले उपदान पाउने छैनन् ।

४७. निवृत्तिभरण :

(१) नगर प्रहरी कर्मचारीले निवृत्तिभरण पाउने छैनन् ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

(२) उपदफा (१)मा अन्यन्त्र कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैवि प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिईनेछ र अशक्तताको आधारमा देहाय बमोजिमको समितिको सिफारिसमा एकमुष्ट राहत प्राप्त गर्नेछ :

(क) अध्यक्ष —अध्यक्ष

(ख) उपाध्यक्ष —सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) प्रशासन शाखा प्रमुख - सदस्य

(च) सरकारी अस्पतालको चिकित्सक- सदस्य

(छ) नगर प्रहरी प्रमुख - सदस्य सचिव

(३) दफा (२) बमोजिम गठित समितिलाई कुनै नगर प्रहरी कर्मचारीको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिंदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्बन्धमा निर्णय गर्ने समेत अधिकार हुनेछ।

## परिच्छेद —११

## <u>तलब, भत्ता</u>

चन्द्रकोट गाउँपालिका, गुल्मी

४८. <u>तलव भत्ता :</u>

नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मितिदेखि तलव भत्ता पाउने छ । तलव भत्ता तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४९. <u>कायम मुकायम भई काम गरेको तलब भत्ता :</u>

कुनै नगर प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई काम गरेमा काम गरेकै मितिदेखि निजले माथिल्लो पदको तलब भत्ता पाउने छ ।

## परिच्छेद– १२

## <u>तालिम</u>

५०. <u>तालिमको व्यवस्थाः</u>

नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन चन्द्रकोट गाउँपालिकाले तोकिए बमोजिमको आवश्यकतानुसार अन्य तालिम पनि दिन सकिनेछ ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

५१. <u>तालिमको अनिवार्यताः</u>

नगर प्रहरी सेवामा रहेका सबैमा नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसाार तालिम लिन अनिवार्य हुनेछ । तालिम हासिल गर्न पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

५२. <u>तालिमको पाठ्यक्रमः</u>

विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न गाउँ प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

५३. <u>प्रशिक्षार्थीले पाउने सुविधाः</u>

(१) गाउँपालिका बाहिर प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जादाँको दैनिक भ्रमण भत्ता प्रचलित कानून अनुसार हुनेछ ।

(२) प्रशिक्षार्थिले पाउने अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

५४. <u>प्ररम्भिक पोशाकः</u>

सबै नयाँ भर्ना हुने नगर प्रहरीलाई गाउँपालिकाबाट स्केल बमोजिम प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

चन्द्रकोट गाउँपालिका, गुल्मी

५५. प्रशिक्षण भत्ताः

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षण भत्ता दिइनेछ ।

५६. अतिथि प्रशिक्षणहरुको पारिश्रमिकः

अतिथि प्रशिक्षणहरुको पारिश्रमिक गाउँपालिकाले तोके बमोजिम हुनेछ।

परिच्छेद–१४

पोशाक

५७. नगर प्रहरी पोशाकः

नगर प्रहरी पोशाकको रंग र किसिम तथा अन्य विवरण प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम हुनेछ ।

५८. नगर प्रहरीको पोशाक सट्टा भर्नाः

नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे बमोजिम सट्टा गरी नयाँ दिइनेछ ।

परिच्छेद–१५

चन्द्रकोट गाँउपालिका, गुल्मी

## विविध

५९. पुरस्कारः

प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी कर्मचारीहरुले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ।

६०. चाडपर्व खर्च पाउनेः

नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन् ।

६१. समन्वयमा काम गर्न सक्नेः

नगर प्रहरीले तोकिएका कार्यक्षेत्रहरुमा नेपाल प्रहरी, नेपाल रेडक्रस तथा अन्य संस्थाहरुसँग समन्वय गरी कार्य गर्न सक्नेछ ।

६२. बाधा अड्काउ फुकाउः

चन्द्रकोट गाउँपालिका, गुल्मी

चन्द्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र सञ्चालन यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम हुनेछ। यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

६३. ऐन संशोधनः

यस ऐनमा आवश्यक संशोधन चन्द्रकोट गाउँपालिकाको गाउँ सभाबाट गर्न सकिनेछ ।

६४. कानुन बनाउन सक्नेः

नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः गाउँ कार्यपालिकाले यस ऐनको कार्यान्वनको लागि आवश्यकता अनुसार नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

६५. खारेजी र बचाउः

यस ऐन सँग सम्बन्धित रहेका यस अघि बनेका कानुनहरु यसै दफासँगै खारेज भएको मानिनेछ।

आज्ञाले

विष्णु प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत



चन्द्रकोट गाउँपालिका,गुल्मी